मिति: ३२ जेठ, २०७७

माननीय कैलाश प्रसाद ढुंगेलज्यू,
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश ।

*विषय : आर्थिक बर्ष २०७७/७८ को बजेटको सिद्धान्त तथा प्राथमिक्ताको सन्दर्भमा केहि सुझाव सहित ध्यानआकर्षण गराएको ।*

प्रस्तुत विषयमा बागमती प्रदेश सभामा पेस भएको आ.व. २०७७/७८ को बजेटको सिद्धान्त र प्राथमिकता सम्बन्धमा हामी बागमति प्रदेशमा कार्यरत नागरिक समाज संस्थाका प्रतिनिधिहरुको तर्फबाट देहाय बमोजिमका चासोहरु व्यक्त गर्दै माननीय मन्त्री ज्यू समक्ष यो ध्यानआकर्षण पत्र पेश गर्दछौं ।

**१) कोभिड प्रतिकार्यको सम्बन्धमा:**

- नियमित र भरपर्दो अनुगमन हुनुपर्ने ।
- **एक घर एक पि.सी.आर टेष्ट** को अभियान चलाउनु पर्ने ।
- प्रदेशस्तरीय प्रयोगशालाको प्रभावकारी व्यवस्था गरिनु पर्ने ।
- अनुगमन प्रतिवेदनको नियमित सार्वजनिकिकरणको व्यवस्था मिलाउनु पपर्ने ।
- बनेका क्वारेनटाइन र आइशोलेशन कक्षहरु मापदण्ड अनुसारको हुनुपर्ने ।
- भएका खर्च र प्रगति बिवरण प्रदेश सरकारको तर्फबाट नियमित सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- नीजि अस्पतालहरुलाई यो विषम परिस्थितिमा थप जिम्मेवार बनाउनुको साथै नन् कोभिडका बिरामीहरुले पाउनुपर्ने नियमित सुबिधाहरु उपलब्ध गराउनु पर्ने ।
- समाजका रोगी, गरीब, श्रमिक, बिपन्न वर्ग र समुदायको लागि विशेष प्याकेज सहितको कार्यक्रम लागु गर्नुपर्ने ।
- कोभिड प्रभावको कारण धारासाही भएको उद्योग तथा व्यावसायहरुको पनरोत्थानको कार्यक्रम ल्याउनु पर्ने ।
- विपद व्यवस्थापन सम्बन्धी नीति निर्माण र बिपद पूर्व तयारी र प्रतिकार्य कोष स्थापना गर्नु पर्ने ।
- सम्पूर्ण नागरीकको अनिवार्य स्वास्थ्य विमा गर्नु पर्ने ।

**२) रोजगार प्रवद्धनको सम्बन्धमा:**

- विदेशमा सीप सिकेर फर्केका र देश भित्र रहेका बेरोजगार युवाहरुको यथाशिघ्र अभिलेखिकरण गर्ने अभियान थालियोस ।
- प्रदेश सरकारले ल्याएको कुन कार्यक्रमले कुन क्षेत्रमा कति रोजगारी श्रृजना गर्छ भनेर पूर्वानुमान सहितको बजेट बिनियोजन गरियोस् ।
- यूवाहरुलाई निर्वाहमुखि भन्दा पनि प्रदेश सरकारले बिभिन्न मेगा प्रोजेक्ट हरु ल्याएर रोजगारी दिनु पर्ने ।

- यूवाउद्यमशिलता प्रवद्धनकोलागि उनीहरुले खोलेको साना तथा मझौला उद्योगहरुमा लागनी साझेदारी गर्ने, कर छुट दिने, सहुलियत दरको ऋण दिने, परियोजनाको सम्भाव्यताको आधारमा प्रोजेक्ट फाइनान्स्को व्यवस्था मिलाउने जस्ता कार्यक्रमहरुले प्राथमिकता पाउनु पर्ने ।
- यूवाहरुलाई कृषि तथा पशुपालनमा आकर्षित गर्न कृषि मैत्री प्रबिधिको बिकास गर्नुको साथै यो क्षेत्रलाई प्रोत्साहन गर्न ८०, २० वा ६०, ४० जस्ता लागत साझेदारीको कार्यक्रम ल्याउनु पर्ने ।
- हाल बन्द उद्योग धन्दाहरुलाई निष्चित मापदण्डको परिपालना गराइ खोल्न लगाउनु पर्ने ।

**३. सुशासन र पारदर्शीताको सम्बन्धमाः**

- भएका नीति र ऐनको प्रभावकारी कार्यान्वयन गनुपर्ने ।
- सुचनाको स्वतः प्रकाशनलाई प्रदेश सरकार तथा स्थानीय तहमा समेत नियमिति रुपमा सर्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- सामाजिक जवाफदेहिताका औजारको प्रयोग सुनिश्चितताका लागि सार्वजनिक सुनवाई, सार्वजनिक लेखा परिक्षण र सामाजिक परिक्षण जस्ता सुशासनको औजारलाई प्रभावकारी कार्यान्वयन गर्नु पर्ने ।

**४. कृषि तर्फः**

- किसानको उत्पादन लागत घटाउन र जोखिम न्यूनिकरणको कार्यक्रमहरु ल्याउनुपर्ने ।
- स्वादेशी उत्पानको उपभोगलाई प्रोत्साहन गर्न सरकारले बिभिन्न प्रवर्धनात्मक कार्यक्रमहरु ल्याउनु पर्ने ।
- कृषी प्रविधिको विकास तथा प्रयोग लाई प्रोत्साहन गर्नु पर्ने ।
- यूवाहरुलाई कृषिमा आकर्षण गर्न लागत साझेदारीका व्यापक कार्यक्रमहरु ल्याउनु पर्ने ।
- कृषीलाई व्यावसायिक मान्यता दिनुपर्ने र सरकारले पहिलो प्राथमिकतामा राख्नु पर्ने ।
- कृषी बिमा तथा प्रतिफल सुनिष्चितताको कार्यक्रमहरु ल्याउनु पर्ने ।
- नगदे बाली तथा उच्च मुल्य श्रृखलाका बाली हरुलाई प्रोत्साहन गर्नेखालको कार्यक्रमहरु आउनु पर्ने
- किसानको बचत उत्पादन जस्तै दुध, प्रांगारीक मल, खाद्यान्न, तरकारी आदीलाई पूर्व निर्धारित मुल्यमा सरकारले नै किन्ने कार्यक्रम ल्याउनु पर्ने ।
- कृषि ब्यावसायलाई पनि प्रोजेक्ट फाइनान्सको व्यावस्था गरिनु पर्ने ।

**५. अन्यः**

- नीति तथा कार्यक्रमको निदृष्ट गरेका उद्देश्य हासिल गर्नका लागि नीति तथा कार्यक्रमको आवधिक समिक्षा गर्ने परिपार्टी बसाउनु पर्ने ।
- प्रदेश सरकारको औचित्यमा प्रश्न उठिरहेको परिप्रेक्ष्यमा अनावश्यक तथा अनुत्पादक खर्च कटौतीमा ध्यान दिनुपर्ने ।
- सुशासन र जवाफदेहिता प्रर्वद्धनको लागि प्रदेश स्तरमा सकृय नागरीक समाजको भुमिकालाई प्रर्वद्धन गर्नुपर्ने ।

## ध्यानआकर्षण पत्र पेश गर्ने बागमति प्रदेशका नागरिक समाज संस्थाहरु

| क्र.स. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | सामुदायिक सारथी | काठमाण्डौ |
| २ | सोच नेपाल | काठमाण्डै |
| ३ | इह्विकन नेपाल | काठमाण्डौ |
| ४ | हुराडेक नेपाल | दोलखा |
| ५ | डेक नेपाल | चीतवन |
| ६ | सामुदायिक विकास केन्द्र | नुवाकोट |
| ७ | चरिकोट मिडिया सेन्टर | दोलखा |
| ८ | परिवर्तनशील युवा मञ्च | दोलखा |
| ९ | राष्ट्रिय जनवकाल मञ्च नेपाल | काठमाण्डौ |
| १० | साप नेपाल | काठमाण्डौ |
| ११ | फ्रिडम फोरम | काठमाण्डौ |
| १२ | नेपाल अपाङ्ग समाज | काठमाण्डौ |
| १३ | काभ्रे बहिरा विकास संघ | काभ्रेपलाञ्चोक |
| १४ | नेपाल नागरिक समाज | नुवाकोट |
| १५ | फेकोफन | नुवाकोट |
| १६ | महिला मानव अधिकार रक्षक संञ्जाल | नुवाकोट |
| १७ | मानव अधिकारको लागी महिला एकल महिला संस्था | नुवाकोट |
| १८ | गेर्खुटार युवा क्लब | नुवाकोट |
| १९ | बिदुर सिटी युथ क्लब | नुवाकोट |
| २० | महिलाहरुको मानव अधिकार रक्षक जिल्ला सञ्जाल | सिन्धुपाल्चोक |
| २१ | शान्ति न्याय र लोकन्त्रको लागि समावेशी महिला संजाल | सिन्धुपाल्चोक |
| २२ | गैसस महासंघ, जिल्ला शाखा | चितवन |
| २३ | युद्ध क्लब, नारायणगढ | चितवन |
| २४ | दियालो परिवार, नारायणगढ | चितवन |
| २५ | मेड नेपाल | चितवन |
| २६ | युवा समाज | चितवन |
| २७ | सेतो गुँरास | चितवन |
| २८ | ग्रामीण आपसी विकास | धादिङ |
| २९ | सर्भिस फर पिस नेपाल, २०६३ | धादिङ |
| ३० | नारी जागरण केन्द्र | धादिङ |
| ३१ | धादिङ सोसियल भोलिन्टर नेपाल | धादिङ |
| ३२ | दलित सेवा संघ, जिल्ला शाखा | धादिङ |
| ३३ | एक्सन नेपाल | धादिङ |
| ३४ | एकिकृत सामुदायिक विकास अभियान (ICDC) नेपाल | धादिङ |
| ३५ | फोकस नेपाल | धादिङ |
| ३६ | नागरिक निगारानी सञ्जाल | सिन्धुली |
| ३७ | रिलिफ नेपाल | सिन्धुली |
| ३८ | जनजाति समाज विकास कार्यक्रम | सिन्धुली |
| ३९ | हुडेक नेपाल | सिन्धुली |
| ४० | मानव अधिकार संरक्षण सञ्जाल, रामेछाप | रामेछाप |

| | | |
|---|---|---|
| ४१ | जागरुप महिला विकास समुह | ललितपुर |
| ४२ | आमा मिलन केन्द्र | ललितपुर |
| ४३ | नागरिक समाज मञ्च | मकवानपुर |
| ४४ | मनहरी नागरिक समाज | मकवानपुर |
| ४५ | हितैसी युवा क्लव | मकवानपुर |
| ४६ | हिमराईटस् | मकवानपुर |
| ४७ | मानव अधिकार तथा सामुदायिक विकास केन्द्र | रसुवा |
| ४८ | सामुदायिक विकास तथा संचार केन्द्र | रसुवा |